बैठक नं ४

आज मिति २०७५।५।६ गतेका दिन यस गौरीगंगा नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्रीमान भीम बहादुर देउवा ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बसि सपशिल अनुसारको प्रस्ताव माथि छलफल गरि सपशील अनुसार निर्णय गरियो ।

उपस्थिति

१. श्री भीम बहादुर देउवा - नगर प्रमुख
2 श्री अञ्चला चौधरी - उप प्रमुख
३ श्री जगतराम चौधरी - नगर कार्यपालिका सदस्य
४ श्री जनक बहादुर साउद " " "
५ श्री नरेन्द्र बहादुर शाह " " "
६ श्री आगरजी विष्ट " " "
७ श्री जंग बहादुर वि.क. " " "
८ श्री कमला कुमारी ओझा " " "
९ श्री दल बहादुर कुमाल " " "
१० श्री तुलाराम सापकोटा " " "
११ श्री हरी प्रसाद तिवारी " " "
१२ श्री पदम बहादुर सेर " " "
१३ श्री विनोद कुमार चौधरी " " "
१४ श्री अमृता देवी वि.क. " " "
१५ श्री मनमती देवी कुवर " " "
१६ श्री कल्पनादेवी रोकामगर वि.क. " " "
१७ श्री विनिता देवी वि.क. " " "
१८ श्री केशरानी कुमारी चौधरी " " "
१९ श्री भक्त बहादुर विश्वकर्मा " " "
20 श्री नर सिंह सार्की " " "
२१ श्री ईश्वबहादुर नेपाली " " "
22 श्री वीर बहादुर शाही - सदस्य सचिव

आमन्त्रित

श्री अकबर चन्द श्रा.अ.

प्रस्तावहरू :

१. जिल्ला स्तरीय समिक्षा कार्यक्रमको जानकारी सम्बन्धमा ।
२. वार्षिक समिक्षा तथा कार्यक्रम तथा बजेटको सार्वजनिकीकरण सम्बन्धमा ।
३. निःशुल्क सेवा उपलब्ध गराउने सम्बन्धमा ।
४. डम्पिङ साईड सम्भाव्यता अध्ययनका लागि समिति गठन सम्बन्धमा ।
५. मसुरियामा निर्मित सटरहरूको भाडा निर्रधारणका लागि सिफारिस समिति गठन सम्बन्धमा ।
६. निर्माण कार्य सम्बन्धमा ।
७. मूल्यांकन तथा सिफारिस समिति गठन सम्बन्धमा ।
८. मसुरिया स्वास्थ्य चौकीको स्तरोन्नती सम्बन्धमा ।
९. स्थानीय दररेट निर्रधारण सम्बन्धमा ।

निर्णय नं. १ : प्रस्ताव नं. १ माथि छलफल गर्दा जिल्ला समन्वय समितिको कार्यालय कैलालीको आयोजनामा मिति २०७५ भाद्र ४ र ५ गते आ.व. ०७४/०७५ को कैलाली जिल्लाका १३ वटै स्थानीय तहको समिक्षा कार्यक्रममा यस नगर कार्यपालिकाको कार्यालयबाट प्रस्तुत गरिएको कार्यक्रम प्रशंसनीय भएको व्यहोरा जानकारी गराईयो ।

निर्णय नं. २ : प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको आ.व. ०७४/०७५ मा सम्पन्न योजना तथा कार्यक्रमको समिक्षा तथा आ.व. ०७५/०७६ का योजना, कार्यक्रम तथा बजेटको सार्वजनिकीकरण कार्यक्रम २०७५ भाद्र २१ गते विहान ११:०० बजे २ नं. वडा कार्यालय भवनको सभाहलमा आयोजना गर्ने साथै उक्त कार्यक्रमलाई व्यवस्थापन गर्न तपसिलमा उल्लेखित कार्यपालिका सदस्यज्यूहरू रहेको व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिलः

१. श्री हंस नेपाली
२. श्री मनमती बुढा
३. श्री नर सिंह सार्की

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ मा तोकिएका निम्न सेवाहरुमा दस्तुर लाग्ने अन्यथा व्यवस्था भए पनि आजका मितिदेखी नि:शुल्क रुपमा सेवा उपलव्ध गराउने निर्णय सर्वसम्मतीवाट पारित गरियो ।

तपसिल

१) गौरीगंगा न.पा.आर्थिक ऐन २०७५ को अनुसूचि १३ को सि.नं. ५ मा उल्लेखित अण्डा
२) गरिव भएको प्रमाणित
३) स्वास्थ्य उपचार सिफारिस
४) गरिव तथा जेहन्दार छात्र छात्रालाई छात्रवृती सिफारिस
५) वंशजको नाताले प्राप्त गर्ने नागरिकता प्रमाणपत्र र प्रतिलिपी सिफारिस
६) दलित,विपन्न,जेष्ठनागरिक,अपांगका सन्दर्भमा गरिने विभिन्न सिफारिस
७) जन्म,मृत्यु,विवाह,वसाईसराई र सम्वन्धविच्छेदका घटनादर्ता ३५ दिन भित्र
८) नि:शुल्क कानूनी सहायता सिफारिस
९) कृषीकार्यका लागि खरिद गरिने औजार,विउविजन,औषधीका लागि कृषकहरुलाई गरिने सिफारिस

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिका भित्र उत्पादन हुने फोहर व्यवस्थापनका लागि सम्भावित डम्पिङ साईड क्षेत्र वडा नं.४ राजिपुर झलारीखोला , वडा नं.९ शंकरपुर क्षेत्र र वडा नं. ३ राजी वसोवासको पश्चिमपट्टीको जग्गाको सम्भाव्यता अध्ययन गरी उपयुक्त स्थानको चारकिल्ला सहित छनौट गरी १५ दिन भित्र प्रतिवेदन पेश गर्न देहायका पदाधिकारीहरु सहितको समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

१) संयोजक श्री भक्त वहादुर वि.क.
२) सदस्य श्री अमृता वि.क.
३) सदस्य श्री विनिता वि.क.
४) सदस्य श्री कल्पना रोकामगर
५) सदस्य सचिव श्री दाताराम जोशी

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा साविक मसुरिया गा.वि.स.स्थित निर्मित ९ वटा सटर प्रयोग गरिरहेका सम्वद्ध व्यक्तीहरुबाट भाडा लेनदेन विषयमा व्यक्तीगत छलफल गरी प्रति सटर भाडा निर्धारण तथा सूचना प्रकाशन गर्न सहजिकरण तथा व्यवस्थापन गर्न नगर उप-प्रमुखज्यूको

संयोजकत्वमा देहायका पदाधिकारीहरू सहितको ५ सदस्यीए समिति गठन गरि १५ दिनभित्र प्रतिवेदन पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

१. संयोजक – उप-प्रमुख श्री अञ्चला चौधरी
२. सदस्य – ७ नं. वडाध्यक्ष श्री दल बहादुर कुमाल
३. सदस्य – ८ नं. वडाध्यक्ष श्री तुलाराम सापकोटा
४. सदस्य – ९ नं. वडाध्यक्ष श्री हरी प्रसाद तिवारी
५. सदस्य सचिव – श्री बलराम चौधरी

निर्णय नं. ६ : प्रस्ताव नं. ६ माथि छलफल गर्दा ९ नं. वडा कार्यालय भवनमा एकीकृत सम्पत्ती करका सम्पत्तीधनिका फायल तथा अन्य रेकर्डहरू व्यवस्थित गर्न रयाक निर्माण, छाना निर्माण र सटरवाला भवनको विचको कोठामा पछाडी बन्द गरी सटर लगाउन लागत अनुमान तयार गरी निर्माण कार्य प्रारम्भ गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ : प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिकामा गत आ.व. ०७४/०७५ मा उत्कृष्ट वडा, छात्रछात्रा, शिक्षक र स्वास्थ्य स्वयंसेविका तथा स्वास्थ्य क्षेत्रको मूल्यांकन गरी सिफारिस गर्न देहाय अनुसारको मूल्यांकन समिति गठन गर्ने निर्णय गरियो ।

१. संयोजक – प्रमुख प्रशासकीय अधिकृत
२. सदस्य – शिक्षा शाखा प्रमुख
३. सदस्य – आर्थिक प्रशासन शाखा प्रमुख
४. सदस्य – प्राविधिक शाखा प्रमुख
५. सदस्य – स्वास्थ्य शाखा प्रमुख
६. सदस्य – प्रशासन शाखा प्रमुख

निर्णय नं. ८ : प्रस्ताव नं. ८ माथि छलफल गर्दा मसुरिया स्वास्थ्य चौकीलाइ स्तरोन्नती गर्ने सम्बन्धमा यस गौरीगंगा नगरपालिकामा हालसम्म पनि अस्पताल नरहेको हुँदा यस नगरपालिकाको पूर्वपश्चिम मूख्य राजमार्गको समिपमा रहेको मसुरिया स्वास्थ्य चौकीलाइ स्तरोन्नत गरी १५ शैयाको अस्पतालको रूपमा सञ्चालन गर्न आवश्क पहल गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ : प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस गौरीगंगा नगरपालिकाको आ.व. ०७५/०७६ को दररेटका लागि जिल्ला प्राविधिक कार्यालय, कैलालीले निर्धारण गरेको जिल्ला दररेटलाइ नै कायम गर्ने निर्णय गरियो ।

[illegible] नं. ५

आज मिति २०७५ साल आश्विन ६ गते गौरीगंगा नगरपालिका नगर प्रमुख श्रीमान भिम वहादुर देउवाज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको वैठक वसी देहायमा उल्लेखित पदाधिकारीज्यूहरुको उपस्थितिमा देहायमा उल्लेखित प्रस्तावहरु माथि छलफल तथा निर्णय गरियो ।

उपस्थिति

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भिम वहादुर देउवा | नगर प्रमुख | [signature] |
| २ | श्री अन्चला चौधरी | नगर उप–प्रमुख | [signature] |
| ३ | श्री जगतराम चौधरी | कार्यपालिका सदस्य | [signature] |
| ४ | श्री जनक वहादुर साउँद | कार्यपालिका सदस्य | [signature] |
| ५ | श्री नरेन्द्र वहादुर शाह | कार्यपालिका सदस्य | [signature] |
| ६ | श्री भागरथि विष्ट | कार्यपालिका सदस्य | [signature] |
| ७ | श्री जंग वहादुर वि.क. | कार्यपालिका सदस्य | [signature] |
| ८ | श्री कमला कुमारी शर्मा (ओझा) | कार्यपालिका सदस्य | [signature] |
| ९ | श्री दल वहादुर कुमाल | कार्यपालिका सदस्य | [signature] |
| १० | श्री तुलाराम सापकोटा | कार्यपालिका सदस्य | [signature] |
| ११ | श्री हरी प्रसाद तिवारी | कार्यपालिका सदस्य | [signature] |
| १२ | श्री पदम वहादुर ऐर | कार्यपालिका सदस्य | [signature] |
| १३ | श्री विनोद कुमार चौधरी | कार्यपालिका सदस्य | [signature] |

| | | | |
|---|---|---|---|
| १४ | श्री हंस वहादुर नेपाली | कार्यपालिका सदस्य | |
| १५ | श्री नर सिंह सार्की | कार्यपालिका सदस्य | |
| १६ | श्री भक्त वहादुर वि.क. | कार्यपालिका सदस्य | |
| १७ | श्री मनमति देवी वुढा | कार्यपालिका सदस्य | |
| १८ | श्री अमृता देवी वि.क. | कार्यपालिका सदस्य | |
| १९ | श्री केशरानी कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री विनिता देवी वि.के. | कार्यपालिका सदस्य | |
| २१ | श्री कल्पना देवी रोकामगर (वि.क.) | कार्यपालिका सदस्य | |
| २२ | श्री वीर वहादुर शाही | प्रमुख प्रशासकिय अधिकृत | |